दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १४ | बुटवल | २०८२ पौष २४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday January 08, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

## गगन–विश्वले बोलाए विशेष महाधिवेशन

### जुनसुकै अवस्थामा पार्टी फुट्न नदिई एकता कायम राख्ने महामन्त्री गगनकुमार थापाले बताएका छन्।





**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाली कांग्रेसमा देखिएको पछिल्लो विवादबिच विशेष महाधिवेशन आह्वान गरिएको छ।

विशेष महाधिवेशन सञ्चार तथा प्रचारप्रसार समितिले काठमाडौंमा एक पत्रकार सम्मेलन आयोजना गर्दै यही पुस २७ र २८ गते विशेष महाधिवेशन गर्ने आह्वान गरेको हो।

'पार्टीले २०८२ पौष २८ भित्र १५औं महाधिवेशन सम्पन्न गर्ने कार्यतालिका सार्वजनिक पनि गरेको थियो, तर तोकिएको समयमा १५ औं महाधिवेशन सम्पन्न हुन सकेन,' विशेष महाधिवेशन पक्षधरले विज्ञप्ति जारी गर्दै भनेको छ-'यस्तो अवस्थामा हाम्रो मागबमोजिमको विशेष महाधिवेशन स्वतः निर्विकल्प विकल्प बनेको छ।' बाध्यकारी अवस्थामा आफूहरूले विशेष महाधिवेशन आह्वान गरिएको विशेष महाधिवेशन पक्षधरले जनाएको छ।

'विधानको यही मर्म र भावनालाई पूर्ण सम्मान गर्दै यही २०८२ पौष २७ र २८ गते काठमाडौँमा हुन गइरहेको विशेष केन्द्रीय महाधिवेशनमा सम्पूर्ण केन्द्रीय महाधिवेशन प्रतिनिधिहरूको उत्साहपूर्ण सक्रिय उपस्थिति र सहभागिताका लागि हार्दिक आग्रह गर्दछौं।'- जारी विज्ञप्तिमा भनिएको छ। विशेषका लागि सचिवालयका तर्फबाट शान्ति सुरक्षाका व्यवस्थाका लागि स्थानीय प्रशासनमा पत्राचार समेत भइसकेको छ।

विशेष पक्षधरले महाधिवेशनका लागि यसअघि नै भृकुटीमण्डप 'बुकिङ' गरिसकेको छ।

सचिवालयले विशेष महाधिवेशनका लागि विभिन्न उपसमितिहरू पनि गठन गरिएको पत्रकार सम्मेलनमार्फत जानकारी गराइएको छ। महामन्त्रीद्वय थापा र शर्मा पक्षले नियमित महाधिवेशनको कार्यतालिका प्रभावित भएकाले अब विशेष महाधिवेशनको विकल्प नभएको जनाएको छ। तर सभापति शेरबहादुर देउवा पक्षले भने फागुन २१ को प्रतिनिधि सभा निर्वाचन अगाडि विशेष महाधिवेशन गर्न नसकिने जनाएको छ।

नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधरहरूले महाधिवेशन व्यवस्थापनका लागि विभिन्न उपसमितिहरू गठन गरेको छ।

व्यवस्थापन, जनपरिचालन, मञ्च व्यवस्थापन, आवास तथा खाना व्यवस्थापन, जेनजी युवा परिचालन लगायतका विभिन्न १८ वटा उपसमिति गठन गरिएको हो।

महामन्त्री गगन थापाले पार्टीमा प्रश्न मर्न नदिन विशेष महाधिवेशन गर्न लागेको बताएका छन्। काठमाडौंको नक्सालस्थित एक होटलमा बुधबार बुद्धिजीविहरूसँग भएको छलफलमा उनले आफ्ना लागि पद गौण विषय भएको पनि बताए।

'कांग्रेसमा प्रश्न मर्न दिनु हुँदैन भनेर पनि विशेष महाधिवेशन गर्न लागेका हौं,' महामन्त्री थापाले भने- 'पद गौण हो।' उनले २७ पुसमा उद्घाटन हुन गइरहेको विशेष महाधिवेशनमा सहभागिताका लागि आमन्त्रण पनि गरे। 'पुस २७ गते ११ बजे उद्घाटन हुन्छ। सबै जना आउनु होला।'- थापाले भने। थापाले जुनसुकै अवस्थामा पार्टी एकता कायम राख्ने बताएका छन्। साँच्चिकै अप्ठेरो अवस्था आए विष पिएर भए पनि एकता कायम राख्ने उनको भनाइ छ।

कांग्रेस नेता डा. चन्द्र भण्डारी र डा. सुनील शर्मासँगको संवादको क्रममा महामन्त्री थापाले यस्तो बताएका हुन्।

'तपाईंहरूलाई साक्षी राखेर देशभरका कार्यकर्ता र शुभचिन्तकलाई आश्वस्त बनाउन चाहन्छु, पार्टी फुट्दैन। कसैले चाहेर पनि पार्टी फुट्दैन,' उनले भनेका छन्-'साँच्चिकै अप्ठेरो अवस्था आयो भने त बरु विषय पिउँछु नि म। बरु आफूले विष पिएर भए पनि यसको एकता जोगाइराख्नेछु।' थापाले जेनजी आन्दोलनपछिको अवस्थामा नौजवानहरूले नेपाली कांग्रेसमाथि प्रशस्तै प्रश्न उठाइरहेको तर, तिनीहरूलाई चित्तबुझ्दो जवाफ दिन नसकिएको बताए।

विघटित प्रतिनिधिसभाका सदस्यसमेत रहेका तीन नेताबीच पार्टीको आन्तरिक जीवनबारे छलफल भएको थियो।

डा. भण्डारीले यतिबेला नेपाली कांग्रेसलाई संसारभर रहेका नेपाली जनताले चासो र चिन्ताका साथ हेरिरहेको भन्दै एकताको सन्देश दिनुपर्ने बताए।

## व्यक्तिलाई विशेष महाधिवेशन बोलाउने अधिकार हुन्न : संस्थापन

बुटवल। नेपाली कांग्रेसले पार्टीको विशेष महाधिवेशन बोलाउने अधिकार पार्टी केन्द्रीय समितिबाहेक अरुलाई नभएको बताएको छ। पार्टी कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले विज्ञप्ति जारी गरी यसबारे ध्यानाकर्षण भएको बताएका हुन्।

पार्टीका महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मासहितले विशेष महाधिवेशनको पक्षमा वकालत गरिरहेको बेलामा पौडेलले विज्ञप्ति जारी गरी भनेका छन्-'यस सन्दर्भमा स्पष्ट पारिन्छ कि पार्टीको विधानमा व्यवस्था भए बमोजिम कुनै पनि तहको अधिवेशन वा विशेष महाधिवेशन बोलाउने अधिकार व्यक्तिगत रूपमा पार्टीका कुनै पनि पदाधिकारी वा सदस्यलाई नभई केवल पार्टीको केन्द्रीय कार्यसमितिलाई मात्र रहेको छ। तसर्थ, पदाधिकारी वा सदस्यहरूले व्यक्तिगत रूपमा बोलाइएको अधिवेशन वा विशेष महाधिवेशनका नाममा गरिने कुनै पनि गतिविधि पार्टीको विधान विपरीत हुने हुँदा त्यस्ता गतिविधिमा संलग्न नहुन पार्टीका सबै तहका पदाधिकारी एवं सदस्यहरु, महासमिति सदस्यहरु, महाधिवेशन प्रतिनिधिहरु, भ्रातृ एवं शुभेच्छुक संस्था तथा विदेश स्थित नेपाली जनसम्पर्क समितिका पदाधिकारी एवं सदस्यहरुलाई नेपाली कांग्रेस हार्दिक अपिल गर्दछ।'

कांग्रेसमा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशनको माग गर्दै कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाइसकेका छन्। विधानअनुसार विशेषको माग गरेको ९० दिनभित्र अधिवेशन बलाउनुपर्ने व्यवस्था छ। यही पुस २८ गते ९० दिन पूरा हुँदैछ। पार्टीले बहुमतको बलमा विशेष महाधिवेशन गर्न उपयुक्त नहुने भन्दै वैशाखमा नियमित महाधिवेशन गर्ने भन्दै तालिका पास गरेको छ।

तर विशेष पक्षधर भने यही पुस २७ गते महाधिवेशन गर्ने गरी तालिका ल्याएर कामकारबाही अघि बढाइरहेका छन्।

## राष्ट्रियसभा सदस्यका लागि उम्मेदवारी दर्ता

दाङ। आगामी ११ माघमा हुने राष्ट्रियसभा निर्वाचनका लागि नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धन, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) र राष्ट्रिय जनमोर्चाका उम्मेदवारहरूले मनोनयन दर्ता गराएका छन्। राष्ट्रियसभा सदस्य निर्वाचन-२०८२ का निर्वाचन अधिकृतको कार्यालय घोराहीमा पुगेर उनीहरूले मनोनयन दर्ता गरेका हुन्। मनोनयन दर्ता अघि कांग्रेस र एमालेले संयुक्त ऱ्याली निकालेका थिए।

गठबन्धनबाट एमालेकी रामकुमारी झाँक्री, कांग्रेसका बासुदेव जंगली घिमिरे र चन्द्र केसीले मनोनयन दर्ता गराएका हुन्।

झाँक्री महिला क्लस्टरबाट, जंगली अपाङ्गता क्लस्टरबाट र केसीले अन्य क्लस्टरबाट मनोनयन दिएका हुन्।

झाँक्रीको प्रस्तावकमा घोराही उप-महानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरी र सोही पालिकाका उपप्रमुख हुमाकुमारी डिसी समर्थक बसेकी छिन्। यस्तै जंगलीको प्रस्तावकमा बबई गाउँपालिकाका अध्यक्ष कुलबहादुर खत्री र बंगलाचुली गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर जिसी समर्थक रहेका छन्।

केसीको प्रस्तावकमा दंगिशरण गाउँपालिकाका अध्यक्ष शम्भु र समर्थकमा शान्तिनगर गाउँपालिकाका अध्यक्ष प्रमोद बस्नेत रहेका छन्।

**नेकपाबाट तीन जनाको मनोनयन**

यस्तै नेकपाबाट राष्ट्रियसभा सदस्य निर्वाचनका लागि तीन जनाले उम्मेदवारी दर्ता गराएका छन्।

अपाङ्गता क्लस्टरमा बाँके बैजनाथ ५ निवासी सर्जन बिकले उम्मेदवारी दिएका हुन्। जसको प्रस्तावकमा प्रदेशसभा सदस्य दिपेन्द्र घर्ती र समर्थकमा प्रदेश सभा सदस्य दिलकुमारी बुढा छिन्। अन्य कलस्टरबाट बृहस्पति अधिकारीले मनोनयन दर्ता गरेका छन्। उनको प्रस्तापकमा लुम्बिनी प्रदेश सभा सदस्य यमबहादुर नेपाली, समर्थकमा अर्का प्रदेशसभा सदस्य मीना बुढा छिन्।

महिला कलस्टरबाट दुर्गा भण्डारीले उम्मेदवारी दिएकी छिन्। उनको प्रस्तापकमा प्रदेश सभा सदस्य इन्द्रजीत चौधरी र समर्थकमा गढवा गाउँपालिकाका अध्यक्ष यमनारायण शर्मा रहेका छन्।

**राजमोले पनि दियो उम्मेदवारी**

यस्तै लुम्बिनी प्रदेश राष्ट्रियसभा निर्वाचनमा राष्ट्रिय जनमोर्चाको तर्फबाट अन्य कलस्टरमा बोमबहादुर खत्री र महिला कलस्टरमा पद्मा पण्डितले उम्मेदवारी दिएका छन्।

निर्वाचन अधिकृतको कार्यालयमा पुगेर उनीहरूले मनोनयन दर्ता गरेका हुन्।

## रूकुमपश्चिमबाट जनार्दनको एकल नाम सिफारिस

बुटवल। आगामी प्रतिनिधिसभा चुनावका लागि प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)ले नेता जनार्दन शर्माको नाम रुकुमपश्चिमबाट एकलरुपमा सिफारिस गरेको छ।

प्रगतिशील लोकतान्त्रिक पार्टी कार्यालय रुकुमपश्चिको मुसिकोट खलङ्गामा बुधबार बसेको पार्टीको बैठकले शर्मालाई उम्मेदवार बनाएको जिल्ला इञ्चार्ज गोरखबहादुर केसीले जानकारी दिए।

शर्मा उक्त पार्टीको संरक्षक समेत हुन्। विभिन्न दलहरुबीच भएको एकतापछिको नेपाली कम्युनिस्ट पार्टीमा नगएर शर्माले छुट्टै पार्टी दर्ता गरेका छन्। उनी तत्कालीन माओवादी केन्द्रका उपमहासचिव थिए।

शर्माले तत्कालीन नेकपा माओवादी केन्द्रबाट २०६४ सालदेखि लगातार चुनाव जित्दै आएका छन्।

रुकुमपश्चिमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले गोपाल शर्मालाई सिफारिस गरिसकेको छ। नेकपा एमालेबाट जिल्ला अध्यक्ष नन्दाराम देवकोटा र नेपाली कांग्रेसबाट गोपालजिजंग शाह र जिल्ला सभापति प्रेमप्रकाश वलीको नाम सिफारिस भएको छ।

## काँग्रेस-कम्युनिष्टको कुशासनले देश संकटमा : उपेन्द्र

**मोहम्मद हबिब**
*भैरहवा*

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले काँग्रेस-कम्युनिष्टको कुशासन र लुटतन्त्रको कारण आज देश ठूलो संकटमा रहेको बताएका छन्।

बुधबार रुपन्देहीको धकधईमा भएको सभामा सम्बोधन गर्दै ३५ वर्षमा नेपालको भविष्य नै संकट पारी काँग्रेस-कम्युनिष्टले देश र जनताको शोषण, भ्रष्टाचार र कुशासन गरेका कारण जेनजी आन्दोलन भएको बताए। युवाहरुले आवाज उठाएको जायज रहेकोमा सरकारको अंहकार र दम्भले बेवास्ता गर्दाको परिणाम विष्फोट हुदा सबै पद छोडी भाग्नु परेको उनले बताए।

ठूलो पार्टी भन्नेहरुमा चुनावमा जनताको डरले एक्लै लड्ने हिम्मत नभएको बताउँदै उनले जबसम्म काँग्रेस-कम्युनिष्टको शासन हुन्छ, तबसम्म देशको विकास नहुने जनाए।

पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले मधेस आन्दोलनले देशमा ठूलो परिवर्तन गरी संघीय गणतन्त्र ल्याएको र आदिवासी जनजाति मधेसी दलितहरु शासन, प्रशासनमा आएको दाबी गर्दै नागरिकता समेत दिन आनाकानी गर्दा लडाई गरी नागरिकता ऐन विधेयक पारित गरी ३१ लाख जनालाई नागरिकता दिएको बताए।

सबै जातजाति, भाषाभाषी धर्म समुदायलाई संविधान छ भन्ने आभास हुने संविधान चाहिएको बताउँदै उनले संविधानको पुनर्लेखन, संशोधन र पारिमार्जन हुनुपर्ने बताए।

अहिलेको संसदीय प्रणाली खारेज गरी जनताद्वारा निर्वाचित कार्यकारिणी राष्ट्रपतिय प्रणालीमा जानु पर्ने जनाए। जसले राजनैतिक स्थायित्व, स्थिरता र विकासतर्फ नेपाल जाने उनले बताए। 'निर्वाचन प्रणाली महगो भएकोले गरिब चुनाव लड्ने अवस्था नभएकोले सहभागिता पनि नहुने हुन्छ, यसलाई परिवर्तन गरी विश्वका ७१ देशमा भएको खर्च नहुने निर्वाचन प्रणाली समानुपातिक निर्वाचन प्रणलीको व्यवस्था गर्नु पर्ने छ।'-उनले भने।

प्रदेशमा सासित र अस्तित्व संकटमा होस भन्ने उद्देश्यले ७ प्रदेश बनाएको हो, यो नभई राज्य पुर्नसंरचना आयोगले दिएको सुझावअनुसारको पहिचानको आधारमा ११ प्रदेश पुनर्संरचना गरी अधिकार सम्पन्न प्रदेश निर्माण गर्नुपर्ने बताए। यहाँ प्रदेशको संरचना गलत रहेको बताउँदै लुम्बिनी प्रदेशका लागि नवलपरासीदेखि कञ्चनपुरसम्मको एक प्रदेश बनाउन माग हामीले गरेको कारण यहाँको भाषा, संस्कृति पहिचान र प्रतिनिधित्वको सुनिश्चत गर्नु रहेको थियो।

महिला र दलितको लागि निर्वाचन क्षेत्रलाई आरक्षित गरे सहभागिता हुने बताए। दुईतिहाईभन्दा बढी जनसंख्या भएको मधेसी समुदाय अहिले राष्ट्रिय शक्ति संरचना, राजनैतिक प्रतिनिधत्विर सहभागिता नाममात्रै रहेकोले बहिष्कृत गरि वञ्चित हुनुपरेकोले जनसंख्याको आधारमा महिला, दलित, मधेशी, खसआर्य, जनजाति, मुस्लिमलगायत सबैको न्यायोचित प्रतिनिधित्व हुनुपर्ने उनको जोड थियो। तराई मधेसमा ६० प्रतिशत जनघनत्व भए पनि राष्ट्रिय सभामा मधेसीको सहभागिता १० प्रतिशत मात्रै सहभागिता हुनु संसदमा ३१ प्रतिशत हुनु अन्याय भएको बताए।

दुई तिहाईभन्दा बढी जनसंख्या भएको मुलुकका नागरिक अधिकार, अवसर र न्यायबाट वञ्चित हुनु भनेको मुलुकको विकास नभई शन्ति र सुरक्षा पनि स्थिर नहुने बताए।

जसपा नेपाल लुम्बिनी प्रदेश अध्यक्ष रामअवतार यादवको अध्यक्षता, उपाध्यक्ष असलम खाँको स्वागतबाट सुरु भएको कार्यक्रममा केन्द्रीय सचिव कमरुद्दीन राई, पूर्व मन्त्री राम वचन यादव, लुम्बिनी प्रदेशसभा सदस्य अम्बिका काफ्ले, लुम्बिनी प्रदेश कोषाध्यक्ष बच्चुलाल केवट, थरुहट मधेस लुम्बिनी प्रदेश अध्यक्ष सुमित्रा चौधरी, जिल्ला अध्यक्षहरुलगायतले बोल्दै मधेसमा दमन गरे देश दुर्घटनामा पर्ने, मधेशका युवा र महिला जाग्नु पर्ने र अधिकारको लडाई गरी मधेश आजाद हुनुपर्ने बताए।



# सम्पादकीय

## स्वास्थ्य बिमा सफल पार्न चाल्नुपर्ने कदम

स्वास्थ्य बिमा बापतको भुक्तानी नहुँदा ठूलो अस्पतालले सेवा बन्द गर्ने चेतावनी दिएका छन् । स्वास्थ्य बिमा बोर्डले करोडौँ रुपैयाँ भुक्तानी नगर्दा अहिले अस्पतालको संकट चुलिएको छ । अस्पतालले औषधि, उपकरण खरिदमा समस्या देखिन थालेको छ । भुक्तानी नभए कर्मचारी र स्वास्थ्यकर्मीको तलब पनि प्रभावित हुने सम्भावना छ । वीर अस्पतालले बिमा बोर्डबाट ४० करोड रुपैयाँ भुक्तानी पाउन बाँकी छ । पाटन अस्पतालले ४२ करोड भुक्तानी रोकिंदा अस्पतालको नियमित कार्यक्रम प्रभावित भएको बताएको छ । गंगालाल हृदयरोग उपचार केन्द्रले १४ करोड रुपैयाँ भुक्तानी रोकिंदा अस्पताल सञ्चालनमै अवरोध भएको जनाएको छ । यी अस्पतालसहित बिमा आधारित कार्यक्रम लागु भएका अस्पतालले अब बिमामा आधारित उपचार गर्न नसकिने प्रष्ट पारेका छन् । स्वास्थ्य बिमा कार्यक्रमका थुप्रै कमजोरी भए पनि गरिब र विपन्न नागरिकको लागि सहारा बनेको थियो ।

विपन्न नागरिक उपचार नपाएर मृत्युको मुखमा पुग्नुपर्ने अवस्थाको अन्त्य भएको थियो । स्वास्थ्य बिमा संकटमा पर्नुका दुई कारण छन् । पहिलो बिमा बोर्डलाई अनुदानको सीमा तोक्ने र दोस्रो बिमा रकमको प्रिमियम नबढाउने सरकारी रवैया गलत छ । बिमा बोर्डले पैसा नदिए माघ १ गतेदेखि सेवा बन्द गर्ने सूचना अस्पतालहरुले गरेका छन् । बिमा बोर्ड सरकारले बिमा कार्यक्रम असफल बनाएको आरोप लगाएको छ । बिमा कार्यक्रम जति आकर्षक हो, यो कार्यक्रमको दीगोपनका लागि योजना बनाएर काम नगर्दा बिचमै तुहिने अवस्था श्रृजना भएको छ, जसले राज्यका लोककल्याणकारी कार्यक्रमको सञ्चालन र औचित्यमाथि प्रश्न खडा भएको छ ।

संविधानले मुलुकलाई समाजवाद उन्मुख कल्पना गरेको छ । स्वास्थ्य सेवाको पहुँचमा पुऱ्याउने र आम नागरिक उपचार सेवाबाट वञ्चित हुन नहुने परिकल्पनालाई साकार पार्न स्वास्थ्य बिमा कार्यक्रम लागु गरियो । अनुदान नबढाउने र बिमितले तिर्नुपर्ने शुल्क न्यून राख्दा संकट निश्चित थियो । बिमित अनिवार्य अस्पताल वर्षेनी पुग्ने र अनावश्यक जाँच गराउने प्रवृत्तिले खर्च बढ्यो ।

बिमा कार्यक्रमलाई फलदायी बनाउने हो भने अहिलेसम्मको अस्पताललाई दिनुपर्ने भुक्तानी अविलम्ब दिनुपर्छ । अब बिमितले बुझाउनुपर्ने शुल्क समेत हेरफेर गर्न अनिवार्य छ । यी दुवै गर्न सकिदैन् भने अस्पतालले बोझ बोक्न सक्तैनन् । बिमा कार्यक्रमकै कारण अस्पताल संकटमा पर्दा उपचार सेवा प्रभावित हुने जोखिम छ । यो संवेदनशिलता बुझेर अर्थमन्त्रालय, स्वास्थ्य मन्त्रालय र बिमा बोर्डको नेतृत्वले निकास निकाल्नुपर्छ । तत्काल गर्नुपर्ने काम गरेर अस्पतालको संकट टार्ने र दीगोपनाका लागि आवश्यक कार्यक्रम लागु गर्न ढिलाइ गर्न हुन्न । कमिकमजोरीलाई हटाउँदै सुधार गर्दै बिमा कार्यक्रमलाई नागरिकको उपचारको आधारको रुपमा लागु गर्नुपर्छ ।

# गुन्द्री बुन्ने कला

तुल्सीराम पाण्डे

चटाई र न्यानो कार्पेटको चलन नआउँदासम्म गाउँ होस या सहर सबैले घरमा गुन्द्री बिछ्याउँथे । गुन्द्रीहरु सबै यहींका स्रोत र सीपबाट बनेका हुन्थे । लेकमा मकैको पात र पोस्करका गुन्द्री बुन्थे । औलमा परालका गुन्द्री बुन्थे । तराईमा गुँदको पनि गुन्द्री बुन्थे । गुन्द्री बुन्ने काम सबै ठाउँमा महिलाले नै गर्दथे । आजभोलिका छोरी बुहारीहरुले गुन्द्री देखेको भए पनि अधिकांशले बुन्न जान्दैनन् होला ।

गुन्द्री बुन्नको लागि खरको/बाबियोको रसी बाट्नु पर्दछ । सुकाएको खरलाई भिजाएर वा पकाएर नरम पारेपछि २ वटा हत्केलाले बटारेर लामै रसी बाट्दछन् । रसीलाई हतेउरो भन्दछन् । खाना पकाउने काम गनुपर्नेले चुलोको काम उम्काएपछि हतेउरो बाट्न बस्छन् । बुहारीहरुले मेलाको कामबाट फर्केपछि छिटै हतेउरो बाट्न बस्छन् । छिटो बाट्नेले एकै दिनमा ठुला गुन्द्रीको हतेउरो पुऱ्याउँछन् । ढिलो र फुसर्दमा बाट्नेले २ दिनमा पुऱ्याउँछन् । चाकलमाडे बसेर घुँडामा रसी बेर्दा साठी फन्का भएमा सत्रघरे गुन्द्रीलाई पुग्दछ । साना गुन्द्री बुन्नु परेमा पुरानो मानिसको अनुभवको आधारमा काम गर्दछन् ।

गुन्द्रीहरु ५ घरे, ७ घरे, १० घरे, ११ घरे, १३ घरे र १७ घरे बुन्छन । लिपिटा वा चकटीहरु ५ घरे, ७ घरे र ९ घरे बुन्छन् । ९ घरे बुन्न अप्ठेरो हुन्छ । ८ र १२ अंक परेमा पिर्ने र राजा रानी ज्यम गन्दै जाँदा ज्यम पार्नु हुँदैन । चकटी भने बुन्दा रहेछन् । ५ हात लामा गुन्द्री बुन्दछन् । लामा र फराकिलो गुन्द्री भएमा कोदो, मकै, गहुँ, धान सुकाउन, खाटमा डस्याउन, दलानमा डस्याउन सजिलो हुन्छ । धेरै जसो गुन्द्रीहरु ११ घरे र १३ घरे हुन्छन् । ८ घरे र १२ घरे बुन्नु पर्ने भएमा बिचमा एउटा घर छोडेर ७ र ११ पार्दछन् । धेरै अग्लो पराल भेटीएमा मात्र १५ घरे र १७ घरे गुन्द्री आँटदछन् । आँपझोंते, झिनुवा, अनदी, बाँसधान, मार्सी र गुडुरो लामो पराल हुने धान हुन् । झिनुवा र अनदीलाई जुठो मानिने हुनाले प्रायः बुन्दैनन् । बुनेमा पनि पूजा आजामा डस्याउँदैनन् । झिनुवा र अनदीमा औषधीय गुण हुने हुनाले जुठो माने होलान् । श्राद्ध र पूजामा डस्याउन कुंश मिसाएर बुन्छन् । फूल भरेजस्तो बनाउँन खर मिसाएर बुन्छन ।

गुन्द्रीको तान लाउन सबैभन्दा कठिन काम मानिन्छ । सिपालु महिलाले एउटा गुन्द्रीले नापेर ४ वटा किला ठोक्ने । तल किला भित्र सोझो काठ तेर्स्याएर बाँध्ने । माथि किला बाहिर काठ तेर्स्याएर बाँध्ने, त्यसपछी हतासो राखेर तान लाउने । छेउमा ३/३ सरा र बिचमा २/२ सरा बनाउँने । तान लाउँदा रसी बाङ्गीएमा घोऱ्याहा बन्दछ । घोऱ्याहा परेमा बिराएर बुनेमा सोझिन्छ । शुरुमा हतेउरो बुन्ने त्यसपछि मात्र पराल बुन्ने । सिध्याउने बेलामा फेरि हतेउरो बुन्ने । हतेउरो बुनेपछि कम्तीमा १ बित्ता र बढीमा मुडिहातसम्म बुन्ने । गुन्द्रीको बिट मार्नु पनि एउटा कला मानिन्छ । बिटहरू १ सरे, ३ सरे, ४ सरे, ५ सरे र ७ सरे हुन्छन् । १ सरे बिट कच्चो हुन्छ । नयाँ मानिसले एकैछिनमा वा एकै दिनमा हेरेपछि बिट मार्न सिक्छन् । पराल छोटो भएमा बुनेर सकेपछि एउटा सरो तन्काएर बिट मार्छन् । सानो गुन्द्री १ दिनमा एउटा बुनिन्छ । ठुलो गुन्द्री भएमा बिहानै बुन्न बस्नु पर्दछ । फुर्सदमा मात्र बुन्नेले ३/४ दिन पनि लाउँछन् । औंशि वा पूर्णिमामा नसिध्यायमा दोमासे पर्दछ । दोमासेलाई अलच्छिन मानिन्छ । बुनेर नसकिने भएमा तान नै लाउँदैनन् । लिपिटाहरु दिनमा २ वटा सजिलै बुन्छन् । बिहानैवाट बस्ने र छिटो बुन्नेले ४ वटासम्म बुन्छन् ।

बुनेर सकिएपछि पहिले सोझो पारेर छेउ काट्ने । त्यसपछि तान काट्ने । त्यसपछी नाकेरसी फुकाएर गुन्द्री निकाल्ने । त्यसपछि तानका रसीलाई पनि कलात्मक तरिकाले बुन्ने । रसी नबुनेमा गाँठा पार्ने र लामो भएको काट्ने । गुन्द्री तयार भयो । गुन्द्री बुन्ने हतासो चाम्रो काठको बनाउँछन् । कर्मीलाइ भनेमा पुरानो हतासोसँग नाप मिलाएर बनाइदिन्छन् । बुन्ने मानिसले कुनै हतासो सजिलो र कुनै अप्ठेरो भन्दछन् । लेकमा घर हुनेहरुले बेशीबाट पराल लगेर बुन्छन् । आफन्तले पराल राखिदिन्छन् । केही बुहारीहरुले हिउँदमा माइत बस्न जाँदा गुन्द्री बुनेर भरियालाई बोकाएर ल्याउँछन् । आफन्त नहुनेहरुले साहुलाई दाईंमा सघाएर पराल ल्याउँछन । साना गुन्द्रीहरु १ हात चौडा र ठुला गुन्द्रीहरु २ हात र वित्ता सम्मका हुन्छन् । ५०/५२ सालपछी जुटको रसीले तान लाउन थाले । ७० सालपछी गुन्द्री न तान, आफ आफैँ जान भएको छ ।


## Binayi Tribeni Rural Municipality
### Office of The Rural Municipal Executive
**Dumkibas, Nawalparasi (East of BardaghatSusta)**
**Gandaki Province, Nepal**

## Invitation For Online Bids

First Date of publication: 2082/09/24(8th, Jan, 2026)

1. Office of Binayi Tribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedures

| S. N. | Contract ID | Description of Works | Estimate Amount without VAT | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid | Bid Valid Period | Date of Pre-bid Meeting | Bid Opening Date | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 23/BTRM/ NCB/ Works/ 2082-083 | Binayi Tribeni Adharbhut Hospital Compound | 3985735.35 | 120000 | 3000.00 | 2082/10/25 (8th, Feb, 2026) Before 12:00 | 90 Days | 2082/10/15 (29th, Jan 2026) at 1:00 PM | 2082/10/25 (8th, Feb, 2026) After 1:00 | |
| Cost of Bidding Document in Bank | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: Binayi Tribeni Rural Municipality, Nawalparasi (East) Binayi Tribeni Gaunpalika GA1.1 Aantarik Rajashwo Khata : 00815413078 | | | | | | | | | |
| Cost of Bid Security in Bank | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: Binayi TribeniRural Municipality, Nawalparasi(East) Binayi Tribeni Gaunpalika GA03 Dharauti Khata. : 00815153326 | | | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Binayi Tribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta),Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.npor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



## Rurukshetra Rural Municipality
### Office Of The Rural Municipal Executive
**Ghiubensi, Gulmi**
**Lumbini Province**

## Invitation for Bids

Second Date of Publication: 8th January, 2026 (2082/09/24)

Office of Rurukshetra Rural Municipality, Ghiubensi,Gulmiinvites only electronic bids for the following goodsunder Sealed Quotation(SQ).

| S. N. | Contract No./ IFB No. | Estimated amount (Exclusive of VAT) NRS | Name of the Project& Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time Bid Opening | Bid Security/Bid Security Validity Period | Bid Security NRS |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ORRM-W-SQ-22-082 /83(Re) | 12,93,156.23/- | Bhanjayang-Rimuwa Motor Bato Yojana, Rurukshetra-6 Rimuwa | 1,000/- | 25th January, 2026 (2082/10/11) Before 12:00hr | 25th January, 2026 (2082/10/11) At13:00hr | 45/75 days | 38,000/- |

1. Bidders may down load the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
   GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number(RajaswaShrishak No): 14229
   GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
3. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
4. The person, firm or company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or company shall be ineligible to submit the bid from another new firm or company.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
6. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning reason, whatsoever. Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Administrative Officer**


# ग्लोबल आइएमई बैंकको १९औं वार्षिकोत्सव सम्पन्न

बुटवल । ग्लोबल आइएमई बैंक लिमिटेडले १९औं वार्षिकोत्सव सम्पन्न गरेको छ । १९औं वार्षिकोत्सवको अवसरमा बैंकमा १५ वर्ष सेवा पूरा गरेका १७५ कर्मचारीहरुलाई सम्मान गरेको छ ।

बैंकद्वारा आयोजित एक विशेष कार्यक्रमकाबिच ग्लोबल आइएमई बैंक तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यमा १५ वर्षदेखि निरन्तर बैंकमा सेवारत कर्मचारीहरुलाई सम्मान गरिएको हो ।

काठमाडौँमा आयोजित विशेष समारोहबिच बैंक सञ्चालक समितिका अध्यक्ष ढकाललगायत सदस्यहरु राधेश पन्त, रामबहादुर भण्डारी, कृष्णप्रसाद शर्मा, मदनलाल जोशी र नारायणप्रसाद पौडेल, प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले संयुक्त रुपमा खादा र सम्मानपत्र प्रदान गरी कर्मचारीहरुलाई सम्मान गरेका हुन् ।

सम्मान समारोहमा सम्बोधन गर्दै अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंकले मर्जर र व्यवसाय विस्तारसँगै बैंकको गुणस्तर वृद्धिलाई ध्यानमा राखेर बैंकको सेवालाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउने बताए ।

उनले १९ वर्ष पहिले १९औं वाणिज्य बैंकको रुपमा स्थापना भएको यस ग्लोबल आइएमई बैंकले स्थापनाको १९ वर्षमा नै आफूलाई अधिकांश वित्तीय सूचकहरुमा अब्बल बनाउन सफल रहेको बताए ।

यसैगरी बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मीले बैंकले आफ्नो सेवालाई नविनतम् तथा ग्राहकमैत्री बनाउँदै अहिलेको डिजिटल युगमा समयसापेक्ष सेवा दिनेगरी लक्ष्य निर्धारण गरेर अगाडि बढेको जनाए ।

बैंकका नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेलले बैंकले आगामी वर्षहरुमा ग्राहकको सेवा र सन्तुष्टिलाई ध्यानमा राख्दै अझ गुणस्तरीय बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

ग्लोबल आइएमई बैंक ख्यातिप्राप्त विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुबाट फरकफरक विधामा सम्मानित भएको छ । बैंकले बैंक अफ द इयर २०१४, बेष्ट इन्टरनेट बैंक २०१६, बेष्ट बैंक नेपाल २०२४ र २०२५, युरो मनी अवार्ड फर एक्सलेन्स २०२२, २०२४ र २०२५, बेष्ट बैंक ईएसजी नेपाल २०२४, बेष्ट इम्प्लोयर जस्ता प्रतिष्ठित अवार्डहरु प्राप्त गरिसकेको छ । ग्लोबल आइएमई बैंक देशका ७७ वटै जिल्लामा शाखा सञ्जाल भएको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

# SHINE RESUNGA DEVELOPMENT BANK LTD.

**Head Office :** Butwal-11, Kalikanagar, Rupandehi
Tel : 071-415502, 415503
**E-mail:** info@srdb.com.np, URL: www.srdb.com.np

## कम्पनी ऐन २०६३ को दफा ७५(३) को प्रयोजनका लागि यस बैंकको मिति २०८२/०८/२६ गते सम्पन्न सत्रौं वार्षिक साधारण सभाको निर्णय (माइन्युट)

कम्पनी ऐन, २०६३ र यस विकास बैंकको नियमावली बमोजिम बैंकको सत्रौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा मिति २०८२ साल मंसिर २६ गते, शुक्रवार (तद्नुसार डिसेम्बर १२, २०२५) अपरान्ह १२ : ३० बजे होटल सेफ्रन सि.के. प्रा.लि. (हायात प्लेस), बुटवल, रुपन्देहीमा सम्पन्न भयो । उक्त साधारणसभामा ३४६ जना शेयरधनीहरु स्वयं र ३०८ जना शेयरधनीहरु प्रोक्सी मार्फत कूल २,६७,८६,४७१ कित्ता (चुक्ता पूँजीको ५४.९४ प्रतिशत) शेयरधनीहरुको उपस्थिती रहेको थियो ।

**सत्रौं वार्षिक साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुतीः**
सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसारका साधारण र विशेष प्रस्तावहरु छलफल गरी निर्णयार्थ सभा समक्ष पेश गर्नुभयो ।

**सत्रौं वार्षिक साधारण सभामा पेश भएका सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरु उपर छलफल :**
साधारण सभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको सत्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा वा नोक्सान विवरण, विस्तृत आयको विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तनको विवरण र सोसंग सम्बन्धित अनुसूचीहरु सहित सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो । सभामा शेयरधनी महानुभावहरुले विभिन्न जिज्ञासा तथा सुझावहरु राख्नु भयो भने उक्त जिज्ञासाहरु उपर अध्यक्ष थानेश्वर पौडेल र प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले जवाफ दिनु भएको थियो ।

**सभाको निर्णयः**

१. **साधारण प्रस्तावः**

१.१. आ.व. २०८१/०८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१.२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ साल आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण, सोही मितिमा समाप्त आ.व. २०८१/०८२ को नाफा वा नोक्सान विवरण, नगद प्रवाह लगायतका वित्तीय विवरणहरु सभाबाट सर्वसम्मतले पारित भयो ।

१.३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफाबाट चुक्ता पूँजीको १० (दश) प्रतिशतले हुने रकम रु.४८,७५,७०,१६७/९५ (अक्षरेपी अठचालिस करोड पचहत्तर लाख सत्तरी हजार एक सय सतसट्ठी रुपैंया र पैसा पन्चानब्बे मात्र) बराबरको नगद लाभांश (लाभांशमा लाग्ने कर सहित) वितरण गर्न स्विकृत गर्न पेश गरेको प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

१.४. आर्थिक वर्ष २०८२/०८३ को लेखापरिक्षण गर्न लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धी प्रस्ताव देहाय बमोजिम हुनेगरी सभाबाट सर्वसम्मतले पारित भयो ।
आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण गर्नका लागि एन.बि.एस.एम.एण्ड एसोसिएट्स, चार्टड एकाउन्टेन्टस लाई मूल्य अभिबृद्धि कर सहित रु. २२,६०,०००/- (अक्षरेपी बाइस लाख साठी हजार मात्र) लेखापरीक्षण शुल्क भुक्तानी गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने ।

२. **विशेष प्रस्तावः**

२.१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वितरणयोग्य सञ्चित मुनाफावाट चुक्ता पूँजीको ३ (तीन) प्रतिशतले हुन आउने रकम रु.१४,६२,७१,०५०/३९ (अक्षरेपी चौध करोड बैसट्ठी लाख एकहत्तर हजार पचास रुपैंया र पैसा उन्चालिस मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र सोही बमोजिम जारी तथा चुक्ता पूँजी बृद्धि गरी प्रबन्धपत्रको सम्वन्धित दफा संशोधन गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित भयो ।
साथै, बोनस शेयर वितरणपछि बैंकको पूँजी संरचना परिवर्तन हुने भएकाले प्रवन्धपत्रमा देहाय बमोजिमको संशोधन गर्ने सम्बन्धी देहाय बमोजिमको विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

*प्रवन्ध-पत्र तर्फ :*

*दफा ६ : विकास बैंकको पूँजी संरचना*

(ख) जारी पूँजी रु.५,०२,१९,७२,७२९/९३ (अक्षरेपी पाँच अर्ब दुई करोड उन्नाइस लाख बहत्तर हजार सात सय उनन्तिस रुपैया र पैसा त्रियानब्बे मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दरले ५,०२,१९,७२७/३० (पाँच करोड दुई लाख उन्नाइस हजार सात सय सत्ताइस दशमलव तिस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी रु.५,०२,१९,७२,७२९/९३ (अक्षरेपी पाँच अर्ब दुई करोड उन्नाइस लाख बहत्तर हजार सात सय उनन्तिस रुपैया र पैसा त्रियानब्बे मात्र) हुनेछ ।

२.२. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) हुने प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसंग सम्बन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

२.३. प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने सम्बन्धमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन, संशोधन तथा सच्याउनका लागि सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव सभाबाट सर्वसम्मतले पारित भयो ।

३. **विविधः**
विविध विषय अन्तर्गत छलफलको लागि कुनै विषयवस्तु नरहेको ।

**धन्यबाद ज्ञापन तथा सभा बिसर्जनः**
सत्रौं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, नेपाल क्लियरिङ्ग हाउस लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार कम्पनी, कानूनी सल्लाहकार, सञ्चालक समिति, बैंकमा कार्यरत कर्मचारी लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह ४:३० बजे सभा बिसर्जन गर्नुभयो ।

## नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागबाट बैंक तथा वित्तीय संस्थाहरुका लागि जारी गरिएको एकीकृत निर्देशन बमोजिम मिति २०८२ मंसिर २६ गते सम्पन्न बैंकको सत्रौं वार्षिक साधारण सभाबाट पारित आ.व २०८१/०८२ को वित्तीय अवस्थाको विवरण, नाफा वा नोक्सान विवरण तथा अन्य विवरणहरु सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरिएको

### Statement of Financial Position
**As on Ashad 32, 2082 (16th July, 2025)**

*Figures in NPR*

| Particulars | Notes | As on Ashad 32, 2082 | As on Ashad 31, 2081 |
|---|---|---|---|
| **Assets** | | | |
| Cash and cash equivalent | 4.1 | 2,117,894,019 | 2,224,033,789 |
| Due from Nepal Rastra Bank | 4.2 | 3,273,571,333 | 2,738,488,699 |
| Placement with Bank and Financial Institutions | 4.3 | - | - |
| Derivative financial instruments | 4.4 | - | - |
| Other trading assets | 4.5 | - | - |
| Loan and Advances to B/FIs | 4.6 | 1,314,092,375 | 1,750,609,738 |
| Loans and advances to customers | 4.7 | 56,907,122,137 | 52,011,435,193 |
| Investment in securities | 4.8 | 15,293,576,045 | 13,604,205,803 |
| Current Tax Assets | 4.9 | 114,086,111 | 56,477,550 |
| Investment in subsidiaries | 4.10 | - | - |
| Investment in Associates | 4.11 | - | - |
| Investment property | 4.12 | 151,994,995 | 130,017,343 |
| Property and equipment | 4.13 | 715,113,563 | 611,067,762 |
| Goodwill and Intangible Assets | 4.14 | 136,856,902 | 139,469,886 |
| Deferred tax assets | 4.15 | - | - |
| Other assets | 4.16 | 328,899,067 | 390,612,717 |
| | | | |
| **Total Assets** | | **80,353,206,546** | **73,656,418,480** |
| | | | |
| **Liabilities** | | | |
| Due to Bank and Financial Institutions | 4.17 | 725,979,531 | 369,025,734 |
| Due to Nepal Rastra Bank | 4.18 | - | - |
| Derivative Financial instruments | 4.19 | - | - |
| Deposit from customers | 4.20 | 71,767,128,445 | 65,956,224,347 |
| Borrowings | 4.21 | 365,678 | 4,610,241 |
| Current Tax Liabilities | 4.9 | - | - |
| Provisions | 4.22 | - | - |
| Deferred tax liabilities | 4.15 | 26,957,042 | 41,311,498 |
| Other liabilities | 4.23 | 449,067,316 | 393,341,895 |
| Debt securities issued | 4.24 | - | - |
| Subordinated Liabilities | 4.25 | - | - |
| | | | |
| **Total liabilities** | | **72,969,498,012** | **66,764,513,714** |
| | | | |
| **Equity** | | | |
| Share Capital | 4.26 | 4,875,701,680 | 4,733,690,951 |
| Share Premium | | - | - |
| Retained Earning | | 668,505,485 | 417,351,437 |
| Reserves | 4.27 | 1,839,501,370 | 1,740,862,378 |
| **Total equity attributable to equity holders** | | **7,383,708,534** | **6,891,904,766** |
| **Non-controlling interests** | | - | - |
| **Total equity** | | **7,383,708,534** | **6,891,904,766** |
| | | | |
| **Total liabilities and equity** | | **80,353,206,546** | **73,656,418,480** |
| Contingent liabilities and commitment | 4.28 | 1,767,694,601 | 651,134,407 |
| Net assets value per share | | 151.44 | 145.59 |

### Major Five Years Indicator

| | Detail | Index | 2077-78 | 2078-79 | 2079-80 | 2080-81 | 2081-82 |
|---|---|---|---|---|---|---|---|
| | | | **Financial Year** | | | | |
| 1 | Adequacy of Capital Fund on Risk Weighted Exposure | | | | | | |
| | Core Capital | Rs | 4,524,282,201 | 5,104,612,605 | 5,707,627,681 | 6,229,376,428 | 6,754,663,177 |
| | Total Capital Fund | Rs | 4,918,133,085 | 5,607,603,605 | 6,363,313,311 | 6,916,447,914 | 7,495,468,656 |
| | Risk Weighted Exposure | Rs | 31,490,594,217 | 39,043,356,000 | 47,885,237,072 | 54,729,974,145 | 59,734,169,743 |
| | Capital Fund to RWE | % | 15.62% | 14.36% | 13.29% | 12.64% | 12.55% |
| | Tier 1 Capital to RWE | % | 14.37% | 13.07% | 11.92% | 11.38% | 11.31% |
| | Tier 1 Capital to RWE | % | 14.37% | 13.07% | 11.92% | 11.38% | 11.31% |
| 2 | Earning Per Share (E.P.S) | Rs | 14.77 | 17.16 | 17.69 | 14.48 | 13.24 |
| 3 | Market Value Per share (M.P.S) | Rs | 256 | 294.9 | 384 | 405.00 | 431.97 |
| 4 | Book Networth Per Share | Rs | 142.39 | 143.12 | 144.17 | 145.59 | 151.44 |
| 5 | Net Profit Per Staff | Rs | 823,075 | 892,307 | 1,016,124 | 928,620 | 846,170 |
| 6 | Per Employee Staff Cost | Rs | 703,385 | 684,003 | 784,349 | 976,419 | 936,191 |
| 7 | Number of Promoter Equity Shares | Nos | 17,383,166 | 19,283,146 | 21,847,804 | 24,141,824 | 24,866,079 |
| 8 | Number of Public Equity Shares | Nos | 16,701,473 | 18,526,944 | 20,991,028 | 23,195,086 | 23,890,938 |
| 9 | Number of Staffs | Nos | 612 | 727 | 746 | 738 | 763 |
| 10 | Number of Branches | Nos | 80 | 84 | 88 | 88 | 88 |
| 11 | Number of Extension Counters | Nos | 1 | 1 | 1 | 1 | 1 |
| 12 | Number of ATM Machines | Nos | 7 | 7 | 16 | 18 | 18 |
| 13 | Price Earning Ratio | Times | 17.33 | 17.19 | 21.70 | 27.97 | 32.62 |
| 14 | Divdend (Bonus Share) on Share Capital | % | 10.93% | 13.30% | 10.50% | 3.00% | 3.00% |
| 15 | Cash Dividend on Share Capital | % | 0.57% | 0.70% | 0.55% | 5.00% | 10.00% |
| 16 | Net Profit/Gross Income | % | 14.67% | 13.19% | 10.41% | 9.12% | 9.56% |
| 17 | Net Profit/ Loan & Advance | % | 1.58% | 1.72% | 1.66% | 1.27% | 1.11% |
| 18 | Return on Total Assets | % | 1.19% | 1.28% | 1.20% | 0.93% | 0.80% |
| 19 | Return on Equity | % | 10.38% | 11.99% | 12.3% | 9.94% | 8.74% |
| 20 | Interest Income/Total Loan & Advance | % | 10.08% | 12.38% | 15.28% | 13.34% | 10.97% |
| 21 | Exchange Gain/ Total Income | % | - | - | - | - | - |
| 22 | Interest Expenses/ Total Deposit and Borrowings | % | 5.69% | 8.30% | 8.57% | 7.27% | 5.16% |
| 23 | Total operating Expenses/Total Assets | % | 1.62% | 1.60% | 1.49% | 1.50% | 1.39% |
| 24 | Staff Expenses/ Total Operating Expenses | % | 63.04% | 61.49% | 61.86% | 65.33% | 63.99% |
| 25 | Staff Bonus/ Total Staff Expenses | % | 20.12% | 19.63% | 21.57% | 16.27% | 13.94% |
| 26 | Total Credit/ Total Deposit | % | 89.01% | 87.54% | 81.47% | 82.05% | 82.60% |
| 27 | Non-Performing Loan/Total Loans | % | 1.27% | 1.14% | 1.81% | 3.43% | 4.27% |
| 28 | Base Rate | % | 7.91% | 11.06% | 11.36% | 8.32% | 6.41% |
| 29 | Weighted Average Interest Rate Spread | % | 4.99% | 4.41% | 4.60% | 4.36% | 4.18% |
| 30 | Weighted Average Interest Rate on Deposit | % | 4.93% | 8.99% | 9.36% | 6.56% | 4.85% |
| 31 | Weighted Average Interest Rate on Credit | % | 9.92% | 13.40% | 13.96% | 10.92% | 9.03% |
| 32 | Institutional Deposit/Total Deposit | % | 7.99% | 9.50% | 13.81% | 16.70% | 18.57% |

### Statement of Cash Flows
**As on Ashad 32, 2082 (16th July, 2025)**

*Figures in NPR*

| Particulars | FY 2081-82 | FY 2080-81 |
|---|---|---|
| **Cash flows from operating activities** | | |
| Interest Received | 6,489,126,955 | 6,964,437,369 |
| Fee and other income received | 338,434,266 | 334,116,055 |
| Dividend Received | 10,304,673 | 10,422,376 |
| Receipts from other operating activities | 19,832,625 | (3,368,946) |
| Interest paid | (3,738,122,366) | (4,868,683,091) |
| Commission and fee paid | (35,438,220) | (33,910,208) |
| Cash payments to employee | (628,428,927) | (591,609,412) |
| Other expense paid | (199,003,193) | (315,998,247) |
| **Operating cash flows before change in operating assets and liabilities** | **2,256,705,814** | **1,495,405,896** |
| | | |
| **(Increase)/Decrease in operating assets** | **(6,058,969,240)** | **(8,921,101,256)** |
| Due from Nepal Rastra Bank | (535,082,634) | (435,220,418) |
| Placement with bank and financial institutions | - | - |
| Other Trading assets | - | - |
| Loan and advances to bank and financial institutions | 436,517,363 | 164,368,209 |
| Loan and advances to customer | (5,964,509,058) | (8,550,161,414) |
| Other Assets | 4,105,089 | (100,087,632) |
| | | |
| **Increase/(Decrease) in operating liabilities** | **5,919,379,946** | **9,506,138,514** |
| Due to bank and financial institutions | 356,953,797 | (364,069,009) |
| Due to Nepal Rastra Bank | - | (300,000,000) |
| Deposits from customers | 5,810,904,099 | 10,273,337,246 |
| Borrowings | (4,244,563) | (14,139,759) |
| Other Liabilities | (244,233,388) | (88,989,964) |
| | | |
| **Net Cash flow from operating activities before tax paid** | **2,117,116,520** | **2,080,443,155** |
| Income taxes paid | (265,207,488) | (372,088,176) |
| **Net Cash flow from operating activities** | **1,851,909,032** | **1,708,354,979** |
| | | |
| **Cash flows from investing activities** | | |
| Purchase of investment securities | (1,689,370,242) | (4,517,047,626) |
| Receipts from sale of investment securities | - | - |
| Purchase of plant and equipment | (218,948,487) | (60,136,142) |
| Receipt from sale of property and equipment | 1,339,182 | 542,954 |
| Purchase of intangible assets | (5,441,445) | (21,104,944) |
| Receipt from sale of intangible assets | | |
| Purchase of investment properties | (21,977,652) | (39,692,275) |
| Receipt from the sale of investment properties | | |
| Interest received | | |
| Dividend received | | |
